नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १८] काठमाडौं, वैशाख १० गते २०२५ साल [संख्या २

श्री ५ को सरकार

निर्माण सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले बनाएको तल लेखिएबमोजिमको राजमार्ग (निर्माण व्यवस्था) नियमावली, २०२४ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "राजमार्ग" (निर्माण व्यवस्था) नियमहरू, २०२४ रहेको छ ।

(२) यी नियमहरू तुरून्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(१) (क) "ऐन" भन्नाले राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ सम्झनु पर्छ,

(ख) "समिति" भन्नाले नियम ६ बमोजिम गठित क्षतिपूर्ति निर्धारण समिति सम्झनु पर्छ,

(२) यी नियमहरूमा प्रयोग गरिएका तथा परिभाषा नगरिएका शब्द तथा वाक्यांशको अर्थ ऐनमा परिभाषा गरिएकोमा सोही बमोजिम हुने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. राजमार्गको क्षेत्रमा पर्ने जग्गाको सर्भे गर्ने:- (१) श्री ५ को सरकारले कुनै राजमार्गको क्षेत्रभित्र पर्ने जग्गाको सर्भे गरी प्रतिवेदन पेश गर्न स्थानीय अधिकारीलाई तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको स्थानीय अधिकारी वा निजबाट अधिकार प्राप्त कर्मचारीले देहायको कामहरू गर्न सक्ने छ:-

(क) राजमार्गको क्षेत्रभित्र पर्ने जग्गामा गई त्यस्को नाप नक्सा र सर्भे गर्ने,

(ख) त्यस्तो जग्गा खन्ने वा खाडल (बोरिङ्ग) पार्ने वा भत्काउने,

(ग) त्यस्तो जग्गा प्राप्त गर्न उपर्युक्त छ वा छैन भन्ने कुरा एकिन गर्न आवश्यक जाँचबुझ गर्ने,

(घ) लेभेल छुट्याउने र सांध किल्ला खडा गर्ने, खाडल खन्ने वा अरू किसिमले निसाना लगाउने, र

(ङ) माथि खण्ड (क) देखि खण्ड (घ) सम्मको काम कारवाई गर्दा त्यस्तो जग्गामा लागेको खडा बाली वा रूख बिरूवा काट्न वा बार-परखाल भत्काउन वा हटाउन आवश्यक भए सो समेत गर्ने ।

(३) उपनियम (२) बमोजिमको काम कारवाईको सिलसिलामा कुनै व्यक्तिको घरसंग जोडिएको वा परखालले घेरिएको भित्री जग्गा, आंगन, बारी वा बगैंचामा पस्नु परेमा र त्यसरी पस्नु दिन घरधनीले मन्जूर नगरेमा निजलाई २४ घण्टा अगावै लिखित सूचना दिई त्यस्तो ठाउंमा पस्नु हुन्छ ।

४. सूचना टाँस्ने:- (१) नियम ३ बमोजिमको कारवाई समाप्त भएपछि स्थानीय अधिकारीले ऐनको दफा ४ बमोजिम सूचना टाँस्नु पर्छ र सो घर वा जग्गामा हकदैया भएका र भोगचलन गरिरहेका सबै सरोकारवाला व्यक्तिहरूले सूचना टाँस भएको ३५ दिन भित्र आफ्नो के कस्तो हकदैया र भोग चलन छ सो र देहायका कुराहरू समेत खोली स्थानीय अधिकारी छेउ दरखास्त दिनुपर्छ:-

(क) जग्गाको चार किल्ला,

(ख) जग्गाको क्षेत्रफल र माटोको किसिम,

(ग) जग्गामा लाग्ने मालपोतको अंक, र

(घ) निजको जिकीर अनुसार पाउनु पर्ने क्षतिपूर्तिको अंक ।

(२) ऐन बमोजिम क्षतिपूर्ति दिइने कुनै घर वा जग्गाको सम्बन्धमा दुइ वा सो भन्दा बढी व्यक्तिहरूको बीच हकभोग वा तेरो मेरो सम्बन्धी प्रश्न उठेमा वा उठेकोमा अदालतको अन्तिम निर्णयबाट हकदैया कायम गरिएको व्यक्तिलाई त्यस्तो क्षतिपूर्ति दिइने छ र त्यस्तो क्षतिपूर्तिलिन अन्तिम फैसला भएको मितिले ६ महीना भित्र दरखास्त दिनुपर्ने छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. जग्गा कब्जामा लिने :– नियम ४ बमोजिम सूचना टाँस भएको १५ दिन पछि स्थानीय अधिकारीले जुनसुकै बखत सो जग्गा आफ्नो कब्जामा लिन सक्ने छ।

तर यी नियमहरू बमोजिम कुनै व्यक्तिको घर कब्जामा लिंदा क्षतिपूर्ति नदिई कब्जामा लिन सक्ने छैन।

६. क्षतिपूर्ति निर्धारण समितिः– (१) राजमार्ग निर्माणको सिलसिलामा प्राप्त गरिएको घरजग्गाको ऐन बमोजिमको क्षतिपूर्ति निर्धारण गर्न श्री ५ को सरकारले देहायका सदस्य भएको क्षतिपूर्ति निर्धारण समिति (यस पछि समिति भनिएको) गठन गर्ने छः–

(क) सम्बन्धित जिल्ला पञ्चायतका सभापति – – अध्यक्ष

(ख) श्री ५ को सरकारले तोकिदिएको सम्बन्धित जिल्लाको एक गैर सरकारी व्यक्ति – – – सदस्य

(ग) सम्बन्धित जिल्ला प्रमुख अधिकारी – – सदस्य

(घ) सम्बन्धित भूमि प्रशासक वा माल अड्डाको हाकिम – सदस्य

(ङ) प्रोजेक्टको इन्जिनियर इन्चार्ज वा निजको प्राविधिक प्रतिनिधि – सदस्य सचिव

(२) समितिबाट गरिने सबै कामकारवाई समितिको सचिवद्वारा प्रमाणित हुने छ।

७. क्षतिपूर्ति कायम गर्ने आधारः– (१) समितिले देहायका आधारमा क्षतिपूर्तिको अंक कायम गरी सो को प्रतिवेदन श्री ५ को सरकार छेउ प्रस्तुत गर्ने छ र त्यसरी प्रतिवेदन पेश गर्दा निजलाई जग्गा वा नगद दिने हो सो समेत उल्लेख गर्नुपर्छ।

(क) नियम ४ बमोजिम सूचना टाँस गर्दाको मितिमा हुन सक्ने त्यस्तो घर वा जग्गाको प्रचलित मोल,

(ख) जग्गा कब्जामा लिंदाको बखत सो जग्गामा भएको खडा बाली वा रूखसमेत लिएको भए सरोकारवाला व्यक्तिले त्यस्को व्यहोर्नु परेको नोक्सानी, र

(ग) जग्गा लिएबाट सरोकारवाला व्यक्तिलाई आफ्नो बसोवास वा कारोवारको ठाउं छाडी अन्त जान कर लागेकोमा व्यहोर्नु परेको मनासिब माफिकको खर्च।

(२) उप–नियम (१) बमोजिम प्रतिवेदन प्राप्त भएपछि ऐनको दफा ५ को अधिनमा रही श्री ५ को सरकारले सरोकारवाला व्यक्तिलाई जग्गा दिने हो वा नगद दिने हो सो को निर्णय गरी नगद दिने भएमा पाउने क्षतिपूर्तिको अंक निर्धारण गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुने छ।

(३) उपनियम (२) बमोजिमको निर्णयको सूचना श्री ५ को सरकारले समितिलाई दिने छ।

(४) आफ्नो काम सूचारुरूपले चलाउन समितिले ऐन र यी नियमहरूसंग बिरोध नपर्ने गरी आन्तरिक कार्यविधि व्यवस्थित गर्न सक्ने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. नोक्सानी बिगोको ठहरः– (१) नियम ३ बमोजिम सर्भे गर्दा सो जग्गामा लागेको बाली वा अरू कुनै चिज बस्तु उठाई लैजाने अवस्थामा नभएमा सो बापत भएको नोक्सानी बिगोको ठहर स्थानीय अधिकारीले गर्ने छ र सो गर्दा सरजमीन समेत बुझ्नेछ।

(२) उपनियम (१) बमोजिम स्थानीय अधीकारिले गरेको ठहरमा चित्त नबुझनेले ठहर भएको ३५ दिनभित्र श्री ५ को सरकार छेउ पुनरावेदन दिन सक्ने छ र श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ।

९. आसपासको जग्गाबाट उठाइएको ढुंगा, बालुवा माटोको क्षतिपूर्तिः– राजमार्गको निर्माणको सम्बन्धमा आसपासको जग्गाबाट ढुंगा बालुवा वा माटो उठाइएकोबाट सरोकारवाला व्यक्तिको जग्गालाई कुनै हानिनोक्सानी भएकोमा र त्यस्तो नोक्सानीको क्षतिपूर्ति दिइने भएमा स्थानीय अधिकारीले त्यस्तो क्षतिपूर्तिको अंक निर्धारण गर्ने छ र सो निर्णय अन्तिम हुने छ ।

१० क्षतिपूर्ति र नोक्सानी बिगो वा जग्गा दिनेः– नोक्सानी बिगो र क्षतिपूर्तिको अंकको वा सट्टा जग्गा दिन अन्तिम निर्णय भएपछि स्थानीय अधिकारीले सम्बन्धित व्यक्तिलाई त्यस्तो क्षतिपूर्ति वा सट्टा जग्गा दिने दिलाउने छ। तर, सो बमोजिम सट्टा जग्गा दिलाउंदा पाउने जग्गा लिन मन्जूर नगरे नगद क्षतिपूर्ति नै दिलाइने छ ।

११. प्राप्त गरिएको जग्गाको मालपोतको लगत कट्टा गर्नेः– ऐन बमोजिम प्राप्त गरिएको जग्गाको मालपोतको लगत कट्टा गर्न स्थानीय अधिकारीले माल अड्डा रहेको अवस्था माल अड्डालाई र माल अड्डा नरहेका अवस्था भूमि प्रशासन कार्यालयलाई लेख्नेछ र सो अड्डाले सो बमोजिम लगत कट्टा गर्नु पर्छ र यसरी लगत कट्टा गरिएको जग्गा श्री ५ को सरकारको हुनेछ ।

१२. समितिको अधिकारः– क्षतिपूर्तिको ठहर गर्ने सम्बन्धमा सरोकारवाला व्यक्ति र निजको साक्षीलाई झिकाउने म्याद वा तारिख दिने र निजहरूलाई लिखित कागजपत्र तथा सबूदप्रमाण दाखिल गर्नेगराउने बारे समितिलाई प्रचलित नेपाल कानून बमोजिम जिल्ला अदालतलाई भए सरहको सबै अधिकार हुनेछ ।

१३. अधिकारीः– ऐनको दफा ९ र १० को प्रयोजनको लागि अधिकारीमा अञ्चलाधीशलाई तोकिएको छ ।

आज्ञाले–
श्यामकृष्ण भट्टराई
श्री ५ को सरकारको सचिव ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।